वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ,क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्वर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक १०० ○श्रेणी 'क' ○२०७२ पुस २७ गते सोमबार ○ 11 Jan. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!

योग निद्रा सिकेर आफूलाईं रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोवाइल : ९८१६१०२२१६

लायन्सवादमा लाग्नेहरूको मन

छेकेन हिमपात र ठण्डीले, पीडितकै हातमा न्यानो कपडा

गोल्डेन न्यूज संवाददाता
पोखरा २६ पुस ।

भूकम्पका कारण घरविहीन, छाप्राको जिन्दगी । पुस महिनाको ठण्डी, त्यसैमाथि भारी हिमपात । छाक टार्न केही व्यवस्था भएपनि आङ ढाक्न साह्रै समस्या । तातोको कुरा गर्ने हो भने दाउरा बाल्नुको विकल्प केही छैन, त्यहि दाउरा पनि हिमपातका कारण बल्दैन । यस्तो सुन्दा कसको मन भावुक नहोला ? अझ अनुभव नै गर्ने हो भने त कसैको मन पनि ठेगानमा रहँदैन । यस्तै कारुणिक जीवन चलिरहेको छ, गोरखा हंसपुर भच्छेकका भूकम्प पीडितको । गत वैशाख १२ र २९ गतेको महाभूकम्पले उनीहरुको उठिवास लगाइ दिएपछि यस्तै कारुणिक जीवन चलाउन बाध्य छन् उनीहरु । खानका लागि अरुकै भर पर्नुपर्ने, लाउनका लागि पनि अरुकै भर पर्नुपर्ने अवस्था छ उनीहरुको । भूकम्पपछि गाविसले दिएको १५ हजार रुपैयाँ र केही खाद्यान्न बाहेक सरकारी सेवा केही पाएका छैनन् उनीहरुले । गैरसरकारी संस्थाको सहयोगले नै उनीहरुको जीवन चलिरहेको छ । तर केही दिनअघिको हिमपातले उनीहरुको जनजीवन कष्टकर छ । ती भूकम्प पीडित भएको ठाउँमा पुग्ने सडक ज्यादै जोखिमयुक्त भएकाले पनि उनीहरुले कारुणिक जीवन व्यतित गर्नुपर्ने बाध्यता छ । 'हामीहरुको नाममा धेरै सहयोग आयो, उनीहरुकोमा पुग्न सकेन । दाताहरुले दिएको सहयोग त्यहाँ पुग्न नसकि जिल्ला प्रशासन कार्यालयमा पुग्यो । प्रशासनले जहाँ सजिलो छ त्यहाँ वितरण गऱ्यो, हामीले केही पाएका छैनौं ।'-एक भूकम्पपीडितले गुनासो गरे ।

कारुणिक जीवन व्यतित गरिरहेका भूकम्पपीडितका हातमै न्यानो कपडा पुऱ्याउन सफल भयो लायन्स । लायन्स क्लव इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ बी १ नेपालको सक्रियतामा भच्छेक स्थित हंसपुर गा.वि.स. वडा नं. ३ र ९ का भूकम्पपीडित २ सय ४० परिवारलाई नयाँ न्यानो कपडा वितरण गरिएको छ । न्यानो कपडामा ब्लाङ्केट, कम्बल, स्वीटर, पछ्यौरा, ज्याकेट, ट्राउजर, जुत्तामोजा लगायत छन् । उक्त कपडा ९ लाख रुपैयाँ बराबरको हो । न्यानो कपडा वितरण गर्न न्यानो कपडा वितरण अभियानका गण्डकी संयोजक दुर्गाप्रसाद हुमागाई र क्याविनेट सेक्रेटरी विश्वेश्वर आचार्य नै उक्त स्थानमा पुगेका थिए । 'न्यानो कपडा लिएर भच्छेक पुग्ने यात्रा अत्यन्तै जोखिमपूर्ण थियो । जोखिम मोलेरै त्यहाँ पुगि न्यानो कपडा दिन

ल लिनुस् न्यानो कपडा : लायन्सका क्याविनेट सेक्रेटरी विश्वेश्वर आचार्य र न्यानो कपडा वितरण अभियानका गण्डकी संयोजक दुर्गा प्रसाद हुमागाइँ लगायत भूकम्पपीडितलाई न्यानो कपडा वितरण गर्दै ।

पाउँदा ज्यादै आत्मसन्तुष्टि मिलेको छ', संयोजक हुमागाईंले गोल्डेन न्यूज दैनिकसंग भने-'भूकम्पपीडित मानवीय सेवामा गरिने धेरै कार्यमध्ये यो क्षण कहिल्यै भुल्न सकिंदैन ।'

क्याविनेट सेक्रेटरी विश्वेश्वर आचार्यका अनुसार न्यानो कपडा लिन हंसपुर गा.वि.स. ३ र ९ का भूकम्पपीडित वृद्धवृद्धा र बालबालिका ४ घण्टा पैदल हिंडेर आएका थिए । 'भूकम्पबाट अति प्रभावित भच्छेक हंसपुरका सबै घर भत्किएका छन्' आचार्यले भने- 'स्थानीयबासी पाल र टिनको पातामुनि रात बिताउन बाध्य छन् ।' आफूहरु न्यानो कपडा वितरण गर्न त्यहाँ पुग्दा असिनापानी र हिमपात भईरहेको उनले बताए। अत्यधिक चिसोले जनजीवन प्रभावित भईरहेको बेला लायन्सले त्यति दुर्गम स्थानमा न्यानो कपडा सहितको राहत सामग्री लिएर पुग्दा स्थानीयले लायन्सको यो कार्यको सह्राना गरेको सेक्रेटरी आचार्यले बताए । 'गोर्खा १२ किलो बजारबाट ५ घण्टाको जिप यात्रापछि पुगिएको चिसोले आक्रान्त गाउँ भच्छेकमा न्यानो कपडा पुऱ्याउँदा भूकम्पपीडित वृद्धवृद्धा र बालबालिका अतिनै खुशी देखिन्थे, धेरैले न्यानो अनुभूति गरेको हामीलाई महसूस भयो।'-उनले भने । विभिन्न संघसंस्थाले राहत वितरण गर्दा पीडितको हातसम्म कमै पुगेको र लायन्सले मात्र यति दुर्गम क्षेत्रमा आएर पहिलो पटक न्यानो कपडा वितरण गरेकोले आफूहरुले सजिलै राहत पाएको भूकम्प पीडित क्षेत्रबहादुर मगरले बताए ।

डिष्ट्रिक्ट गभर्नर ध्रुव थापाले दिएको जानकारी अनुसार गोर्खा भच्छेकमा डिष्ट्रिक्टको तर्फबाट ९ लाख रुपैयाँ बराबरको न्यानो कपडा वितरण गरिएको छ । कपडा सबै नयाँ हुन् । गण्डकी र धौलागिरी क्षेत्रका लायन्स क्लब, व्यक्ति र संघ-संस्थाबाट उक्त कपडा संकलन गरिएको हो ।

'हिमपात र चिसोबाट कठ्याङ्ग्रिएका भूकम्पपीडितलाई यो सहयोगले न्यानोपनको महसूस हुने अपेक्षा गरेका छौं', क्याविनेट सेक्रेटरी विश्वेश्वर आचार्यले भने-'सरकारले गर्नुपर्ने काम लायन्सले ग्नरेको छ । यो सहयोग कतैबाट अनुदान आएको नभई लायन्स सदस्यले स्वतःर्स्फुत रुपले प्राप्त भएको हो ।'

अभियानका गण्डकी संयोजक दुर्गाप्रसाद हुमागाईको अध्यक्षतामा भएको न्यानो कपडा वितरण कार्यक्रममा लायन्स क्लव अफ पोखरा सेन्ट्रल भ्यालीका अध्यक्ष नारायण सिग्देल, सेन्ट्रल स्टेटका अध्यक्ष बद्री पण्डित र क्लबका पदाधिकारीले सहयोग गरेका थिए । गण्डकी र धौलागिरी क्षेत्रका विभिन्न लायन्स क्लवहरु ,पोखराको नोभेल एकेडेमी, नमस्ते फाउण्डेशन पोखरा, समाजसेवी के.पी. श्रेष्ठ, प्रमिला श्रेष्ठ र गण्डकी ग्रुपका हरिश्वर पोखेल लगायतले अभियानमा विशेषरुपले सहयोग गरेको संयोजक हुमागाईंले जानकारी दिए ।

आठ लाख ४६ हजारमा निर्मित स्कूल भवन हस्तान्तरण

भूकम्पबाट क्षति पुगेको लेखनाथको गोगन उच्च माविमा लायन्स अन्नपूर्णले चार कोठे भवन निर्माण सँगै हस्तान्तरण गरेको छ। क्लवले भूकम्पपछिको दोस्रो पुनर्निर्माण रुपमा गगनगौंडा स्थित गगन उच्च माविको प्राथमिक विद्यालय भूकम्पले पूर्ण रूपमा क्षति भएपछि क्लवको सहयोगमा ४ कोठा भवन (भूकम्प प्रतिरोधी) फर्निचर सहित निर्माण गरि विद्यालयलाई हस्तान्तरण गरेको हो । शनिबार विद्यालयको ४६औ बार्षिक उत्सवको अवसरमा कास्कीका स्थानीय विकास अधिकारी रामचन्द्र तिवारी र लायन्स अन्तर्राष्ट्रिय ३२५ बी वान नेपालका डिष्ट्रिक्ट गभर्नर लायन ध्रुव बहादुर थापाले संयुक्तरुपमा भवनको उद्घाटन गरका थिए । स्थानीय विकास अधिकारी तिवारीले अहिलेको

अवस्थमा सामुदायिक विद्यालयमा झण्डै १४ सय विद्यार्थी हुनुले पनि विद्यालयको शैक्षीक गुणस्तरको बारेमा भनिरहनु नपर्ने बताउँदै विद्यालयलाई आफ्नो ठाउँबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाए । डिष्ट्रिक्ट गभर्नर ध्रुव बहादुर थापाले लायन्स क्लबले शिक्षाक्षेत्रमा जोड दिइएको बताउँदै अहिले निर्माण गरेर हस्तान्तरण गरिएको भवनको सही सदुपयोग गर्नुपर्नेमा जोड दिए । उनले सही सदुपयोग भए आगामी दिनमा पनि विद्यालय संग हातेमालो हुने बताए । भवन निर्माणका पहल कर्ता डिष्ट्रिक्ट ब्लड बैक चिफ सोनाम साङपोले आफूहले अहिलेसम्म १४ वटा विद्यालय निर्माण गरेको बताउँदै गोगनमा निर्माण गरेको भवन ८ लाख ४६ हजार र कोठामा प्रयोग गरिएको फर्निचर र कार्पेट सहित झण्डै १२ लाख खर्च भएको बताए। क्लबका अध्यक्ष कृष्णप्रसाद श्रेष्ठले आफूहरुको क्लब २९ बर्षदेखि अनवरत रुपमा सामाजिक क्षेत्रमा क्रियाशिल रहेको बताए ।

राष्ट्रिय सहमतिबाटै निकास निस्कन्छ-गुरुङ

गोल्डेन न्यूज संवाददाता
पर्वत २६ पुस ।

नेकपा क्रान्तिकारी माओवादी का केन्द्रीय सचिवालय सदस्य देव गुरुङले राष्ट्रियताको लागि सहमति बाहेक अरु विकल्प नभएको बताएका छन् । आइतबार पर्वतमा पत्रकार भेटघाट कार्यक्रममा बोल्दै गुरुङले भने-'राष्ट्रयता, स्वाधिनताका लागि सहमतिको विकल्प छैन ।' शीर्ष तीन दलले मधेसीलाई बाईपास गरेर संविधान निर्माण गरेका कारण देशमा बर्तमान समस्या पैदा भएको भन्दै अब देशको अखण्डता, राष्ट्रियता र स्वाधिनताका लागि समतिको दस्तावेज तयार गर्नुको विकल्प नभएको बताएका हुन् । सरकार र मधेशीबीच सहमति हुन नसके देश टुक्रने खतरा रहेको भन्दै राष्ट्रिय स्वाधिनतालाई माथि राखेर अन्य विषयमा सहमति गर्न सकिने उनको भनाई थियो । मधेसी मोर्चाले सहमतिको लागि ११ बुदें प्रस्ताव

अघि सारेपनि दुई कुरामा सहमति हुन सक्ने उनको तर्क छ । सीमांकन र संघीयताका विषयलाई थाती राखि देशको समस्या समधान गर्नतर्फ लागेमा मात्र देशको स्वाधिनता रहने भन्दै गुरुङले छिटो भन्दा छिटो समस्याको समधान खोज्नुपर्नेमा जोड दिए । मधेसी मोर्चाले आफ्नै देशलाई आन्दोलनको बन्दी बनाएको र भारतले लगाएको नाकाबन्दीलाई मधेशीले आफै नाकाबन्दी गरेको भन्दै हिँडेपछि पार्टीले मधेशीसँग सहकार्य नगरेको समेत उनले बताए । भारतले नाकाबन्दी लगाएर दुई देश विच भएको १९५० को सन्धि आफैले लत्ताएको भन्दै अब नेपालले त्यसलाई मानि रहनु नपर्ने बताए । भारतले नेपालका विभिन्न राजनैतिक शक्तिहरुलाई हातमा लिने र विभिन्न बहानामा उक्साएर खेल खेलिरहेको भन्दै भारतीय प्रवृतिको आलोचना गरेका थिए । अब कम्युनिष्ट क्रान्तिकारीहरु मिल्नुको विकल्प नभएको भन्दै एमाओवादीसँग एकताको छलफल भएको समेत नेता गुरुङले खुलाए । नेकपा क्रान्तिकारी माओवादी पर्वतका संयोजक तेजेन्द्र पौडेलको अध्यक्षतामा सम्पन्न उक्त पत्रकार सम्मेलनको संचालन सचिवालय सदस्य दुर्गा तमुले गरेका थिए ।

नेता गुरुङले घरघरमा ग्यासको सट्टा पाइप लैजाने प्रमले गरेको उखान टुक्का जस्तो कुराले प्रम ओली देशको लागि गम्भीरता नभएको तर्क गरे । आफ्नै पाटीको

बाँकी अन्तिम पृष्ठमा......

पोखरा उप-महानगरपालिका कार्यालयको २०औं नगरपरिषद् सम्बन्धी

सूचना ! सूचना !! सूचना !!!

पोखरा उप-महानगरपालिकाको आ.व. २०७२/०७४ को बजेट नीति, योजना तथा कार्यक्रमका लागि २०औं नगरपरिषद्मा सहभागिताका लागि कास्की जिल्लाका माननीय सभासद्ज्यूहरु, राजनीतिक दलका प्रमुखज्यूहरु, विभिन्न कार्यालयका प्रमुखज्यूहरु, सामाजिक संघसंस्था, गैसस महासंघ, आमा समूह, टोल विकास संस्था, युवा क्लव, वाल क्लव, नागरिक समाज, आदिवासी जनजाति, संचारकर्मीहरु लगायत सबैमा सूचना पठाइसकिएको छ । कथंकदाचित सूचना प्राप्त नभएको भए यसै सूचनालाई आधार मानि निम्न मिति, समय र स्थानमा सहभागी भइदिनुहुन हार्दिक अनुरोध छ । साथै नगरवासीलाई पनि उपस्थितिका लागि यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

कार्यक्रम
मिति : २०७२/०९/२८ गते मंगलबार
समय : बिहान ८ बजे
स्थान : पोखरा सभागृह हल

कार्यकारी अधिकृत
पोखरा उप-महानगरपालिका कार्यालय

नवौं वार्षिक साधारणसभा सम्बन्धी सूचना !

मुक्तिनाथ विकास बैंकको नवौं वार्षिक साधारणसभा यही २०७२ पौष २८ गते मंगलबारका दिन बिहान ८:३० बजे, होटल पोखरा ग्राण्ड, पार्दी, विरौटामा सम्पन्न हुन गइरहेको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिका लागि यो सूचना जारी गरिएको छ। साधारणसभामा उपस्थित हुँदा आफ्नो शेयरधनी प्रमाण-पत्र र परिचय खुल्ने कागजात लिई उपस्थित हुन अनुरोध गरिन्छ ।

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
"नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ख" वर्गको संस्था (१० जिल्ला कार्यक्षेत्र भएको"
केन्द्रीय कार्यालय : पोखरा -९, पृथ्वीचोक, कास्की ।
फोन नं : ०६१-५२२७८६, फ्याक्स नं. ०६१-५३७९५२

सुन्दर हेयर एण्ड ब्युटी

हामीकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension गर्नुका साथै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेनी क्येर, पेडी क्येर पनि गरिन्छ । प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।

सम्पर्क: ९८४६८५९३३०
पोखरा ट्रेड मल, चिप्लेढुङ्गा
(First Floor X2)

BABIN TAILORING
Shirting & Suiting

बबिन टेलरिङ नै किन ?

- तपाईले खोजेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरुका लागि,
- तपाईले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ मेशिन प्रयोग गरिने,
- यहाँको माया, सद्भाव र विश्वासको निरन्तरताको लागि,
- अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कूल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।

बबिन टेलरिङ सटिङ्ग एण्ड सुटिङ्ग

DIGJAM Ashvira OCM

के तपाई नेपालमै केही गर्न चाहानुहुन्छ ?

रोजगारीका लागि विदेश नगई कम लगानीमै व्यवसाय गरेर आम्दानी गर्न चाहानुहुन्छ भने तपाईको रोजाई बन्न सक्छ

★ सिर्जना मिनी मार्केट ★

यहाँ भांडा, खाद्यान्न, फलफुल, तरकारी, लताकपडा व्यवसाय गर्न सकिन्छ ।
बुकिङ्गका लागि सम्पर्क

■ अरुको भनाइ अनुसार सधै नचल। आफ्नो निर्णयलाई गुरु मान। अरुको चाटोमा हिँड्ने मानिस कहिल्यै उच्च कोटिमा पुग्न सक्दैन। **- सेक्सपियर**

सम्पादकीय ...

नीतिगत अस्पष्टताले उठेको प्रश्न

विभिन्न विवादित कार्य गर्दै आएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्वयमका एक आयुक्त सावित्री थापा गुरुङले भने दोहोर सुविधा लिइरहेको खुलेको छ। आयुक्त गुरुङले संवैधानिक प्रावधान विरुद्ध दोहोरो सुविधा लिएको गम्भीर आरोप पुष्टि भएको छ। उनले त्रिभुवन विश्वविद्यालयको उपप्राध्यापक पदमा बहाल रहँदै अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आयुक्तको पद सम्हालेकी छिन्। सामान्य सिद्धान्त र संवैधानिक व्यवस्थाअनुरूप पनि उनले अख्तियारको आयुक्तको पदमा बहाल हुनुपूर्व आफ्नो पहिलेको पदबाट राजीनामा दिएको हुनुपर्थ्यो। यस सम्बन्धमा सर्वोच्च अदालतमा परेको एउटा रिट निवेदनमाथि अन्तरिम आदेश जारी गर्ने सम्बन्धमा छलफल गर्न भन्दै न्यायाधीश पोखरेल पराजुलीको एकल इजलासले आयुक्त सावित्री थापा गुरुङलाई अदालतमा हाजिर गराउन आदेश दिएको छ। आदेशमा दोहोरो पदमा बहाल रहने अवस्थालाई गम्भीर आपत्तिको विषयका रुपमा लिइएको छ। दोहोरो सुविधाले लिने आयुक्त गुरुङमाथि गम्भीर संवैधानिक तथा नैतिक दबाव सिर्जना भएको मात्रै छैन, संवैधानिक परिषद्ले संविधानको प्रावधानको वेवास्ता गर्दै यस्ता गम्भीर त्रुटि देखिने निर्णय किन र कसरी गर्न पुग्यो भन्ने गम्भीर प्रश्न समेत उठेको छ। सरकारी या गैरसरकारी संस्थामा बसेर देशको प्रचलित कानुनले दिएको अधिकार दुरुपयोग गर्नेलाई कारवाहीको दायरामा ल्याउने संवैधानिक दायित्व बोकेको संस्थामा कार्यरत सदस्य स्वयंले अख्तियारको दुरुपयोग गर्न मिल्छ कि मिल्दैन यो पनि त्यतिकै गम्भिर छ। संवैधानिक व्यवस्था प्रतिकूल हुने गरी पदमा बहाल रहनु कानुनी राजकै उपहास हो। यो हास्यास्पद अवस्थाको सिर्जना हुँदा निजहरूलाई नियुक्त गर्न सिफारिस गर्ने संस्था या व्यक्ति या दल अथवा संवैधानिक परिषद् अथवा सुनुवाइमा संलग्न संसदीय समितिमाथि पनि नैतिक प्रश्न उठेको छ। यसका साथै आफैंले आफूलाई स्वच्छ र निष्पक्ष रूपमा संविधानले तोकेका कर्तव्य निर्वाह गर्न योग्य भएको दावी गर्नेले आफ्नो वास्तविकतालाई ढाकछोप गर्दा झन् गम्भीर प्रश्न उठेको छ। गुरुङको यो तरिकाले एकातिर हाम्रो संवैधानिक परिषदको कार्य सञ्चालन विधि र त्यसमा संलग्न पदाधिकारीको जवाफदेहिताको स्तर मापन गर्छ भने अर्कोतिर उपप्राध्यापक पदमा कार्यरत बौद्धिक व्यक्तित्वहरूसमेत कसरी छलछाममा माध्यमवाट तत्कालीन लाभ हासिल गर्न लालायित रहन्छन् भन्ने पनि देखाएको। गुरुङको हकमा सिफारिस गर्नेले भन्दा पनि अख्तियारजस्तो चारित्रिक स्वच्छता र इमानदारीताको मापदण्ड कार्यान्वयन गर्ने स्थानमा जानुभन्दा पहिले आफ्नो आचरण सफा रहेको प्रमाणित गर्ने कर्तव्य मिचेको अर्थ लाग्ने अवस्था सिर्जना भएको छ। कमसेकम उनले आफू उक्त पदमा सिफारिस भइसकेपछि पदको शपथ नखाँदै आफू कार्यरत पदवाट राजीनामा दिएको हुनुपर्थ्यो। यसले गर्दा अरूको आचरणमाथि प्रश्न उठाउने नैतिक जिम्मेवारी अख्तियारले समेत गुमाएको छ। यस्तो निर्णय गर्ने संवैधानिक परिषदले ध्यान दिनु पर्दैन र ? गल्तीलाई समयमा नै सच्याउन जरुरी छ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल पौष २७ गते सोमबार, तदनुसार जनवरी ११ सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कलियुगाब्दः संवत्सर:, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। हेमन्त ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार पौषशुक्लपक्ष चलिरहेको छ। सौरमान अनुसार आज पौषशुक्लपक्षको द्वितीया तिथि अहोरात्र रहनेछ। आज सूर्य धनु राशिमा, चन्द्रमा मकर राशिमा अहोरात्र रहनेछ। आज दिनमान २६ घटि ९ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि विहान ठीक ६ बजेर ५८ मिनेटमा मैत्र मूहुर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर २५ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : जोखिम कार्य सफल हुने, यात्रा फलदायी, तार्किक क्षमताको विकास, अध्ययनमा सफलता मिल्नेछ।

वृष : यशकीर्ति बढ्ने, आफन्तवाट सहयोग, नवीन कार्यमा लगानी, व्यापारवाट पर्याप्त मुनाफा हुनेछ।

मिथुन : स्वास्थ्यका एकासी समस्या देखा पर्ने, हतियारवाट कष्ट, विरोधी सक्रिय, नास्तिक विचार पलाउनेछ।

कर्कट : समस्यासंग संघर्ष, पेट रोगले पिरोल्ने सम्भावना, व्यापारमा गिरावट, अशुभ समाचार सुन्नुपर्ला।

सिंह : पारिवारिक सहयोग, उत्साह उमंग पलाउने, व्यापारवाट लाभ, वैयक्तिक प्रभाव बढ्नेछ, समय शुभ रहनेछ।

कन्या : मनमा अनावश्यक पीडा, अनावश्यक टक्र राख हने, आर्थिक भार थपिने, आफन्तवाट धोका पाइनेछ।

तुला : एक्कासी आम्दानीमा वृद्धि, राज्यपक्षवाट सहयोग, प्रेम प्रसंग सफल, तार्किक क्षमताको विकास हुनेछ।

वृश्चिक : कार्यमा व्यावधान आम्दानी घट्ने पारिवारिक किचली, स्वास्थ्यमा धन खर्च गर्नुपर्ने छ सतर्क हुनुहोला।

धनु : मानहानी हुन सक्नेछ, अनावश्यक भन्फट आइलाग्ने, मन परेको खानमा अब रोध हुने, दिन खराब रहनेछ।

मकर : रोजगारीवाट आत्म सन्तुष्टि मिल्नेछ, मित्रसंग भेटघाटको अवसर मिल्न सक्नेछ, सम्मानको अवसर।

कुम्भ : आफ्नो रोजाइको कार्यमा अरुको विरोध, नैतृत्व कार्य र व्यापारमा असफल हुने, टाढाको यात्रा विफल।

मीन : दुर्घटनाका भय, आफन्तसँग मनमुटाव, शारीरिक पीडा थपिने समय खराब छ, सतर्क हुनुहोला।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

आन्दोलनको कुशल संचालकको आश्यकता

उपेन्द्र भा

झण्डै साढे चार महिनादेखि चलि रहेको मधेश आन्दोलनप्रति गम्भीर हुन नसकेको सरकार नाटकीय वार्तालाई अगाडि बढाई रहँदा मूल विषयमा कहिले छलफल गर्न चाहेन। शासक वर्गको अनुदार शक्तिहरुको गठबन्धनको सरकारको मधेश आन्दोलनलाई पेलेरै सिध्याउने आन्तरिक मनसाय रहेको र सो चरित्र आन्दोलनलाई अमानवीय ढंगले दमन गर्दा पष्ट रुपमा देखिएको ले आज मधेश आन्दोलनको माँगलाई (सीमांकन सहित) छलफलद्वारा हल गर्न सरकार पक्ष तयार भएकोले मधेशका राजनीतिक अगुवाहरुको वृतमा हर्ष र विस्मयका भावहरु फेसबुकमार्फत देख्न पाईयो। भारतले पनि संशोधन प्रस्तावलाई समर्थन गरेको कुरा पनि सुनियो।

छल, प्रपंच, जाल, फरेब, धोका यी पंच तत्वबाट बनेको अहिलेको राजनीति बडो पेचिलो अवस्थामा रहेकोले मधेश पटक पटक झक्किदै गएको यथार्थलाई स्वीकार गर्नै पर्दछ। मधेशप्रति राज्यको र राज्यप्रति मधेशको गहिरिएको अविश्वासले दुवै विपरित दिशामा अवस्थित छ। अनुदार र हिंसक सरकारले ल्याउन लागेको संशोधन विधेयक मधेशलाई फेरि एकपटक आफ्नो प्रपंचको जालोमा फंसाउने हो कि अधिकांश मधेशी बुद्धिजीविहरुको आकलन छ। हिंसक चरित्रका बुढो बाघ सुनको कंगन लिई पोखरीको डीलमा बसेर पायश्चित्त गर्ने प्रपंचमा लोभी बाहुनलाई फंसाए जस्तै मधेशलाई पनि फंसाउने आशंका यतिबेला बढेर गएको छ।

राज्यसंग मधेशको टकरावको मूल विषय नै संघीयता हो। ०६३ को मधेश दिढोहले अन्तरीम संविधानमा पवेश गराएको संघीयता निल्न नसकेर राज्यको घाँटीमा अडकेको निको नहने घातक रोग हो। यो रोग लागेदेखि राज्यको आयु शेष हुने देखेर नै पहिलो संविधान सभाको स्थापनाकालदेखि यसलाई विवादित बनाउने खेल शुरु भयो। नेपाली राजनीतिमा भर्खर स्थापित भएको संघीयतालाई बाहिर गर्ने हिम्मत नभई रहेंदा पहिलो संविधान सभामा यसलाई विवादमा ल्याउन संख्याको खेलमा अल्झाईयो। १४, १५ मतन मःमको स्वाद माग्ने चाखेका म:म पारखीहरुले मेलामा २५ प्रकारका म:मको स्वाद लिन पाउने छन्। मेलामा पनिर, खुवा, केरा, टोफु, गुदपाक, आलु, विंग, ओमन, माछा, समेज र चकलेट म:मको स्वाद लिन पाईने आयोजकको भनाई छ। मेलामा विट्जेसी हस्पिएहसन, दोहोरी र नौमति वाजा तथा राति लाइभ पप कन्सर्ट, फेशन शो र डिजे सेसन आकर्षणका रुपमा रहने छन्। मेलामा एक सय वढि स्टल रहने छन्। स्टल मध्य २० स्टल म:मका मात्र रहने र अन्य स्टल विभिन्न उत्पादन तथा व्यवसायिक प्रयोजनका रहने छन्।

आइवारेखि नै स्टल चुकिद खुल्ला गरिएको छ। मेला सम्पन्न गर्न ४४ लाख खर्च लाग्ने र एक लाख दर्शकले मेला अवलोकन गर्ने अनुमान गरिएको छ। यसअघि २०७० सालमा पहिलो पटक दुई दिन आयोजना गरिएको मेला झण्डै ७० हजार दर्शकले अवलोकन गरेको आयोजकको दावी छ। मेलावाट बचत भएको रकम पोखरामा आध्यात्मिक पर्यटन प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय योग ध्यान केन्द्र निर्माणमा खर्च गरिने अध्यक्ष गुरुङले जानकारी दिए। मेला सम्पन्न गर्न अध्यक्ष रवीन गुरुङको संयोजकत्वमा एक सय एक सदस्यीय मूल आयोजक समिति गरिएको छ।

त्यसैगरी पूजन कोइरालाको संयोजक रहेको अर्को सकलन, ज्योती क्षत्री संयोजक रहेको प्रचार र नारायण पौडेल संयोजक रहेको स्टल चुकिद उपसमिति गठन गरिएको छ। यसबीच ट्रेन्ड नेपालले पतञ्जली योग शिविर, मिस पोखरा क्वीन, मेगा मोडल पोखरा, नेपथ्य व्यापडको लाइभ कन्सर्ट र वसी महोत्सव जस्ता कार्यक्रम सम्पन्न गरिसकेको छ।

तु अवश्यकता

काउन्सिलर/रिसेप्शनिष्ट -२/२ जना
प्यारालगाईडिङ रिसेप्शनिष्ट-२ जना
हेटल म्यानेजर/रिसेप्शनिष्ट-१/२ जना
सेल्स म्यानेजर/सेल्स -२/२ जना
वाइज/स्कुटी लाइसेन्स भएको - ४ जना
कम्पनीमित्र/हेल्पर -१०/४ जना
कुक/कुक हेल्पर/वेटर -२/३/४ जना
A.N.M.C.M.A./सेरुवाड -३/४/१ जना
सम्पर्क गर्नुहोस्होटल, बुद्धटोक, पोखरा
०६१-४२५४०, ५६४८२, ४८४५६६४८०

बैंक ब्यालेन्स

बैंक ब्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्पर्नहुहोस् । सम्पर्क
९८२६५१-०६६०२

विदेश जानेहरुका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन गरेरको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरु :- तयारी कक्षा छिनाछिन चलिरहेको छ ।
०-शतप्रतिशत उत्तीर्ण गराउने सफल ०-आफ्नै मेनपावर कम्पनीबाट प्रशिक्षण गराइने ।
०१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउने सफल

सम्पर्क फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं ३०,
फोन:०६१-५२०८२, मो. ९८४६०-४१९२०

दोस्रो म:म मेला फागुन पहिलो साता हुने

गोल्डेन न्यूज संवाददाता
पोखरा २६ पुस ।

आर इभेण्ट टेनर नेपालले पोखरामा दोस्रो म:म मेला गर्ने भएको छ। मेला फागुन ६ देखि ८ गतेसम्म पोखरा नर्याचवारस्थित प्रदर्शनी केन्द्रमा हुने आयोजक संस्थाका अध्यक्ष रवीन गुरुङले जानकारी दिए। पोखरा उद्योग वाणिज्य सङ्घले प्रवर्द्धन गर्ने सो मेलाको आवश्यक तयारी शुरु भैसकेको छ। नेपालमा पछिल्लो समय म:म वढि प्रयोग हुने खाजाको रुपमा विकास भैरहेका वेला म:म पारखीहरुले मेला निकै रुचाउने अपेक्षा गरिएको छ। चिकेन, वफ

बैंक ब्यालेन्स

बैंक ब्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्पर्नहुहोस् । सम्पर्क
९८२६५१-०६६०२

जय मनकामना सहकारीको साधारणसभा

गोल्डेन न्यूज संवाददाता
पोखरा २६ पुस ।

जय मनकामना बचत तथा ऋण सहकारी संस्था लामाचौर पोखराको अध्यक्षमा नारायणप्रसाद पौडेल चयन भएका छन्। सहकारीको १५औं वार्षिक साधारणसभा तथा आठौं अधिवेशनले उनको अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति चयन गरेको छ। सहकारीको उपाध्यक्षमा सञ्जय कुमार अधिकारी चयन भए। सचिवमा २ जनाको र कोषाध्यक्षमा ३ जनाको उम्मेदवारी परेपछि दुई पदमा निर्वाचन भयो। सचिवमा १३४ मत ल्याए नविन भण्डारी विजयी भए। उनका प्रतिस्पर्धी लक्ष्मी पाण्डेले ९१ मत ल्याइन्। कोषाध्यक्षमा १०३ मत ल्याएर दीलबहादुर थापा विजयी भएका छन्। प्रतिस्पर्धी कमलबहादुर वस्नेतले ७१ र नेवबहादुर बानियाले ५० मत प्राप्त गरेको निर्वाचन अधिकृत जगतबहादुर बानियाले जानकारी दिए। निर्वाचनमा २ सय २५ मत खसेको थियो। सहकारीको सदस्यमा भलकबहादुर भण्डारी, वुद्धिबहादुर क्षत्री, कृष्णप्रसाद अधिकारी, रमेशबहादुर पाण्डे, वुजेन्द्र केसी, भलकबहादुर केसी, नीरा श्रेष्ठ, कमलबहादुर थापा, सारदा भण्डारी चयन भएका छन्। लेखा समितिको सयों जनमा सुरेन्द्रमान सिंह भण्डारी र सदस्यमा सुशील कुमार श्रेष्ठ, स्वागत सिंह भण्डारी चयन भए। अधिवेशनको उद्घाटन सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय पोखराका प्राचार्य वविनाथ अधिकारीले गरेका थिए। पदम सिंह गुरुङको अध्यक्षतामा आयोजित कार्यक्रममा कोषाध्यक्ष र सचिवको प्रतिवेदनलाई पारित गरिएको छ।

बाराही सहकारी अव बिरौटामा

गोल्डेन न्यूज संवाददाता
पोखरा २६ पुस ।

पोखरा १७, ड्युमासाईडमा कार्यालय संचालन गर्दै आएको बाराही बचत तथा ऋण सहकारी संस्था लि. आइतबारदेखि पोखरा १७ विरौटा ॐ हरि कम्प्लेक्समा नव निर्मित कार्यालय भवनमा सरेको छ। उक्त नव निर्मित कार्यालयको उद्घाटन संस्थाका सल्लाहकारहरु दुर्गादत्त पंगेनी, अजित शेरचन, वाबुराम पाठक र अध्यक्ष वाबुराम वरालले संयुक्त रुपमा गरेका थिए। कास्की जिल्ला भरी कार्यक्षेत्र रहेको यस बाराही बचत तथा ऋण सहकारी संस्थामा ४ सय ४३ जना सदस्यहरु र कूल शेयर पुंजी रु. २ करोड ८९ लाख रहेको छ।

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगशेलजका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल ईस्पाराका साथै सिपेकको समस्या साबधान , बाटर प्रुफिङ्ग गरिन्छ ।
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

लायन्स क्लब लेक पोखरा फिस्टेल सिटीले आयोजना गरेको भेटघाट तथा वनभोज कार्यक्रममा सहभागीहरु । कार्यक्रममा प्रमुख अतिथि डिष्ट्रिक्टका पिआरओ मोहनचाबु खड्का रहेका थिए । कार्यक्रममा निवर्तमान अध्यक्ष बाबुराम अधिकारी, वर्तमान अध्यक्ष,संस्थापक अध्यक्ष लगायत सहभागी थिए ।

दादुरा–रुवेला खोप बारे पत्रकारसंग छलफल

गोल्डेन न्युज संवाददाता
पोखरा २६ पुस ।

नेपाल सरकारले सञ्चालन गरेको दादुरा-रुबेला खोप अभियान २०७२-०७३ को विषयमा पोखराका सञ्चारकर्मी, पेशाकर्मी र सरोकारवालाहरुको अभिमुखिकरण तथा अन्तर्क्रिया सम्पन्न भएको छ । कार्यक्रममा डा. महेन्द्र सिंह थापाले खोप कार्यक्रम र यसको बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए । उनले सरकारले सन् २०१६ को अन्त्यमा सबै खोपको कभरेज ९० प्रतिशत पुर्याउने त्यस्तै सन् २०१९ को अन्त्यमा दादुरा रोग निवारण गर्ने लक्ष्य सरकारले राखेको बताए । १ वर्षभन्दा माथिका बालबालिका खोप अभियानलाई सफल पार्न सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण हुने बताइएको थियो ।

खोप लगाएपछि हुने समस्याको बारेमा सत्यतथ्य नवुझि समाचार प्रकाशन र प्रसारण गर्दा हुने समस्यालाई ध्यान दिन पनि कार्यक्रममा सरोकारलवालाहरुले बारेमा जानकारी दिए । उनले नेपालमा कुन खोपको सुरुवात कहिले भयो, खोप दिदा र नदिदा हुने बालबालिकाको मृत्युदरमा भएको परिवर्तन र खोप दिदा समाजमा देखिने समस्याको बारेमा तयार पारिएको कार्यपत्र प्रस्तुत गरेका थिए । सरकारले सचालन गरेको खोप अभियानलाई सफल पार्न सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण हुने बताइएको थियो ।

खोप लगाएपछि हुने समस्याको बारेमा सत्यतथ्य नवुझि समाचार प्रकाशन र प्रसारण गर्दा हुने समस्यालाई ध्यान दिन पनि कार्यक्रममा सरोकारलवालाहरुले संचारकर्मीलाई सुझाएका थिए । खोप दिदाको फाइदा र खोप नदिदा हुने समस्याको बारेमा समाजमा जानकारी दिन सञ्चारमाध्यमले सकारात्मक भूमिका खेल्न उनीहरुले आग्रह समेत गरेका छन् ।

कार्यक्रममा पत्रकार महासंघ कास्कीका अध्यक्ष रामकृष्ण ज्ञवाली, संचारीका समूह पश्चिमाञ्चल संयोजक जमुना शर्मा पर्वा, लगायतले बोलेका थिए । कार्यक्रम पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयका प्रमुख डा. तारानाथ पौडेलको अध्यक्षतामा भएको थियो ।

इलेक्ट्रिसिएन क्लबको वार्षिकोत्सव

गोल्डेन न्युज संवाददाता
पोखरा २६ पुस ।

पोखरा उद्योग वाणिज्य संघको पहलमा इलेक्ट्रिसिएनहरुको साझा क्लब पोखरा इलेक्ट्रिसिएन क्लब १७ औं वर्षमा प्रवेश गरेको छ । स्वदेशी श्रमको सम्मान गरी पूंजी पलायन रोकी लगानीको अवसर जुटाअै, भन्दै इलेक्ट्रिसियनको दक्षता क्षमता अभिवृद्धिका लागि रचनात्मक कयाकलापहरु गर्दै आएको अध्यक्ष नरेन्द्र कुमार श्रेष्ठले बताए । १७औं वार्षिक साधारणसभाको उद्घाटन गर्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विन्दु कुमरा थापाले दक्ष जनशक्ति निर्माण गर्न संघले सधैं क्लबलाई सहयोग गर्ने बताए । क्लबका अध्यक्ष नरेन्द्र कुमार श्रेष्ठको अध्यक्षतामा भएको सभामा पोखरा उद्योग वाणिज्य संघका उपाध्यक्षद्वय देव क्षेत्री, मिन राज काफले, कार्यकारी निर्देशक टीप बहादुर थापा, पत्रकार कृष्ण थापा, इलेक्ट्रोनिकल संघका अध्यक्ष शंकर तामाकार, मनकामना इलेक्ट्रोनिक्सका प्रोप्राइटर केदारनाथ भट्टराई, उपाध्यक्ष भिम प्रसाद पौडेल, कोषाध्यक्ष ई.गजेन्द्र ढकाल, सचिव कृष्णप्रसाद सापकोटा लगायतले आफ्नो धारणा राखेका थिए कार्यक्रममा प्रवेशिका परीक्षामा उत्तीर्णभएका अमृता पौडेल, सरिस्मा पौडेल, रुपेश पौडेललाई प्रोत्साहन स्वरुप सम्मान गरिएको थियो ।

इन्स्योरेन्स सोसाइटीमा पालिखे

गोल्डेन न्युज संवाददाता
पोखरा २६ पुस ।

नेपाल इन्स्योरेन्स प्रोफेसनल सोसाइटी कास्कीको पथम अधिवेशनले सुनयना पालिखेको अध्यक्षतामा ११ सदस्यीय समिति गठन गरेको छ । अधिवेशनले उपाध्यक्षमा केशवराज ढकाल, महासचिवमा दिपक तिवारी, कोषाध्यक्षमा हरि श्रेष्ठ र सचिवमा अनन्त अधिकारी चयन भएका छन् । त्यस्तै सदस्यहरुमा कविराज पौडेल, प्रकाशमणि रेग्मी, राजु पौडेल, विष्णु पौडेल, तेज अधिकारी र सोनबहादुर मगर रहेका छन् । यसअघि अधिवेशनको उद्घाटन गर्दै सोसाइटीका केन्द्रिय अध्यक्ष कंकी क्षेत्रीले पेशागत सँगै सामाजिक उत्तरदायित्व बहन गर्न नबिर्सिने बताए । सोसाइटी कास्कीका अध्यक्ष सुनयना पालिखेले सोसाइटीले सामाजिक कार्यका लागि योजना बनाएको काम गर्ने बताइन । उनले व्यावसाय संगसँगै सामाजिक उत्तरदायित्व पुरा गर्न सोसाइटी लागि पर्ने बताइन।

कार्यक्रममा शिखर इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत विपप्रकाश पाण्डे, एनबी इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत योगेशभक्त बरे श्रेष्ठ, सुरेन्द्र गोदार, पशुपति श्रेष्ठ लगायतले बोलेका थिए ।

सिमलचौर संक्रान्ति महोत्सव स्थगित

पोखरा २६ पुस ।

माघे पर्वको अवसरमा हरेक वर्ष हुँदै आएको सिमलचौर संक्रान्ति महोत्सव २०७२ यस वर्ष नहुने भएको छ । महोत्सव आयोजक संस्था जाल्पादेवी बहुउद्देश्यीय विकास संस्थाद्वारा आयोजित भेलाले सो निर्णय गरेको महासचिव बोधराज ढकालले बताए । देशमा देखापरेको असहज परिस्थितिलाई मध्यनजर गर्दै यस वर्ष हुने महोत्सवका सबै कार्यक्रमलाई स्थगन गरिएको र आगामी वर्ष सो कार्यलाई निरन्तरता दिइने अध्यक्ष कृष्णमान दुसाजुले जानकारी दिए । असहज परिस्थितिका कारण व्यापार व्यवसायमा कठिनाई भएको कारण कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाउन समस्या हुने हुँदा सो मध्यनजर गरिएकोले यस वर्ष आन्तरिक रुपमा संस्थागत कृयाकलापहरु गरिने भएको छ ।

महोत्सवमा माघे संक्रान्तिमा खाने खाना परिकारहरुको प्रदर्शनी, किनमेल, राष्ट्रिय तथा स्थानीय कलाकारहरुको विविध सास्कृतिक प्रस्तुतिसहित जाल्पादेवी गणेश मन्दिरको ऐतिहासिक दर्शन सहित सृजनाचोकदेखि आलुझडा चोकसम्म महोत्सव गाँदि आएको थियो ।

क्यान कास्की उत्कृष्ट घोषित

गोल्डेन न्युज संवाददाता
पोखरा २६ पुस ।

कम्प्युटर एशोसिएशन अफ नेपाल महासंघले कास्की शाखालाई सर्वोत्कृट जिल्ला घोषणा गरेर सम्मान गरेको छ । महासंघको काठमाडौं हालै सम्पन्न २२औं साधरणसभाको अवसरमा कास्की शाखालाई नगद ५० हजार रुपैयाँसहित सम्मान गरिएको हो ।

आर्थिक वर्ष २०७०/७१ मा गुणनिधी पाण्डेको नेतृत्वमा रहेको क्यान कास्कीले राम्रा गतिविधि गरेकाले कास्की शाखा उत्कृष्ट घोषणा भएको हो । क्यान महासंघ कास्कीका संस्थापक अध्यक्ष तथा क्यान महासंघका केन्द्रीय सदस्य जगनबहादुर गुरुङ तथा निवर्तमान अध्यक्ष गुणनीधि पाण्डेले संयुक्त रुपमा सम्मान ग्रहण गरेको क्यान महासंघ कास्कीका सचिव विश्वास भण्डारिले जानकारी दिए ।

यसै बीच, क्यान महासंघ कास्कीको वार्षिक कार्यक्रम अन्तर्गत शनिवार बनभोज कार्यक्रम सम्पन्न भएको छ । संस्थाका अध्यक्ष चिन्तामणि वास्तोलाको अध्यक्षतामा भएको कार्यक्रमको संयोजन आइटी कोअोडिनेटर ईश्वर राज चालिसेले गरेका हुन् । उक्त अवसरमा बोर्डे अध्यक्ष वास्तोलाले क्यान इन्फोटेक २०१६ का लागि तयारी भइरहेको जानकारी दिए ।

नेपाली भाषा शिक्षक परिषदमा पुन: खनाल

गोल्डेन न्युज संवाददाता
पोखरा २६ पुस ।

नेपाली भाषा शिक्षक परिषद कास्कीको साती वार्षिक साधारण सभा तथा चौथो अधिवेशन सम्पन्न भएको छ। अधिवेशनले पुन : लोकचन्द्र खनाललाई आगामी ५ वर्षे कार्यकालका लागि अध्यक्षमा चयन गरेको छ । नव गठित कार्यसमितिको उपाध्यक्षमा डोलराज अर्याल, सचिवमा डिल्लिराम अर्याल, कोषाध्यक्षमा विकम पौडेल र सहसचिवमा सूर्यप्रसाद लम्साल सर्वसम्मत चयन भएका छन् ।

यसै गरी सदस्यहरुमा शिवहरि पौडेल, दुवादेवी सुवेदी, शिशिर डुङ्गाना र रमेश न्यौपाने रहेका छन् । नवगठित कार्य समितिको पहिलो बैठकले थप २ सदस्य र सल्लाहकार समिति गठन गर्ने अध्यक्ष खनालले जानकारी दिएका छन् । यसअघि कार्यक्रमको उद्घाटन गर्दै क्षेत्रीय शिक्षा निर्देशक मित्रनाथ गतौलाले भाषिक उत्थानलाई अभियानका रुपमा लैजानु पर्नेमा जोड दिदै सृजनशिल विषयलाई परम्परागत रुपमा अगाडि बढाउन नहुने बताएका थिए। कार्यक्रममा विशिष्ट अतिथिका रुपम बोर्डे त्रिभुवन विश्वविद्यालय नेपाली विभागका केन्द्रिय विभागाध्यक्ष डाक्टर रामनाथ ओझाले परिवर्तनलाई विकृति भन्न नहुने भन्दै नेपाली भाषालाई चार नम्बर प्रदेशको प्रान्तिय भाषा बनाउन परिषद सक्रिय रहनु पर्ने बताएका थिए। नेपाली भाषा शिक्षक परिषद कास्की जिल्लामा वि.सं. २०६६ साल देखि भाषिक उत्थनमा सक्रिय रहदै हालसम्म तनहुँ, श्याङ्जा र पर्वतमा शाखा विस्तार समेत गरिसकेको छ भने नेपाली भाषामा विशिष्ट योगदान गर्ने व्यक्तित्वहरुलाई सम्मान तथा शिक्षकहरुलाई पुनरताजगी तालिमहरु सन्चालन गर्दै आएको छ। परिषदमा हाल १५० बढी आजीवन सदस्यहरु रहेका छन् ।

खुशीको खबर !

के तपाईलाई लागोभागी भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, बाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिलाहरी भएको ७ दिन र नभएको पर्खेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिस्रवाचोक प्रतिष्ठानस नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ४८४६२८५४५४

प्रो. वद्री के.सी. : ४८५६०२४८४६
प्रो. गोपाल बहादुर कार्की : ४८५६०३१८७२
प्रो. राजेश के.सी. : ४८५६०३७१७

ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३७४

शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्पर्कनुहोस् ।

(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्पर्कनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

पोखरामा पहिलो पटक

यौनजुधुंका : तिघ्रको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल साप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)

- स्तन बढाउने, घटाउने, टाइट गर्ने, सुडाइ कसिलो बनाउने, पेटको थिरा हटाउने।
- केश भर्ने रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन रुप अनुप (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
- थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा कुलेप छुटाउने।
- ढाँड तथा जोर्नी दुखाई ठिक पार्ने, सम्पी सुधा पेवासित।

अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यरोड, पोखरा
061-539070, 9856035331, 9804122919

पञ्चमुखी लक्ष्मी सप्लायर्स

हवेलीमार्ग, काजीपोखरी
पोखरा-१८

विवाह, व्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि रुपछ खानेपानी चाहिएमा हामीलाई सम्पर्कनुहोस् ।

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, मुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

यौन समस्या: लिङ्ग स्खलन, उत्तेजना नहुने, लिङ्ग छिलाउने, स्वज दोष: जस्तो सुकै यौन समस्याको सफल उपचार ।

महिला सम्बन्धि समस्या: महिनावारी गड्बढी, सेतोपानी बग्ने, योनी छिलाउने, तल्लो पेट दाह कमर दुखे, पेट तथा छातीमा भएको सेतो धस्रो हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाइट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्तिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- काली थाप्ली पोत्ती, झुण्डिफोर, दाम धब्बा, मस्किया, कोरी, झाउरुपिन हटाई पुरै शरिर गोरो बनाउने ।

दुबली पातली महिलाको पनि तानडरी साथै मोटो पन पनि घटाईन्छ ।

थप उपचार:- ऐसर, थुनर, जण्डिश, पिसास, पाइल्स, इम साथि बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मोरुमाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं ०६१-५२९८६७, ०६-१२२४५४८, मो. ४८४६९३७४९८

फि होम डेलिभरि

कर्मचारी आवश्यकता

सयपत्री बचत तथा ऋण सहकारी संस्था लि.का लागि देहाय बमोजिमको कर्मचारी परेको हुनाले तपशिल बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकबाट उम्मेदवारीका लागि आवेदन आह्वान गरिन्छ ।

तपशिल
पद : कर्जा–सहायक
संख्या : एक (१)
शैक्षिक योग्यता : व्यवस्थापन संकायमा १०+२ वा सो सरह
अन्य योग्यता : सम्बन्धित क्षेत्रमा १ वर्षको अनुभव भएको, नेपाली र अंग्रेजी भाषामा राम्रोसंग कम्प्युटर टाइपगर्न सक्ने ।
परीक्षाको किसिम : अन्तर्वार्ता र प्रयोगात्मक
आवश्यक कागजात : हस्तलिखित निवेदन, बायोडाटा–१ प्रति, पासपोर्ट साइजको फोटो, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि, तालिम अनुभवका प्रमाणपत्रको प्रतिलिपि १/१ प्रति ।
सेवा र सुविधा : संस्थाको नियमानुसार
दरखास्त दिने अन्तिम मिति : २०७२/०१/३० गतेसम्म ।

पदपूर्ति उपसमिति
सयपत्री बचत तथा ऋण सहकारी संस्था लि.
पोखरा–११,रानीपौवा, कास्की, फोन : ०६१-५२५८११

तु-आवश्यकता

माउण्ट अन्नपूर्ण उच्च मा.वि. भि.सि. मार्ग, नदीपुर पोखरामा निम्नपदहरुको लागि उल्लेखित योग्यता पुगेका व्यक्तिहरुले पौष २९ गते सम्ममा आवश्यक कागजात संलग्नगरी निवेदनका लागि आह्वान गरिन्छ ।

१. प्राथमिक अंग्रेजी शिक्षक (Primary Teacher - English) १ जना
Minimum Qualification: B.A / B.Ed. with major English
Experience: Minimum two years in similar level

२. पूर्व प्राथमिक शिक्षक (Pre-primary Play Group Teacher) १ जना
Minimum Qualification: Grade 12 Pass with Montessori training

३. सुरक्षा गार्ड (Security Gurard) १ जना
योग्यता: भू.पू. सैनिक / प्रहरी वा सुरक्षा सम्बन्धि तालिम प्राप्त

Note: Candidates for teachers should submit hand-written application with a PP size photograph and required credentials within 29th of Paush, 2072.

प्रिन्सिपल
माउण्ट अन्नपूर्ण उच्च मा.वि.
(+2 College of Management, Tourism and Hotel Management)
नदीपुर, पोखरा-३

मुलुकको सम्वृद्धिका लागि आफैले हाँक्नुपर्छ-मन्त्री पाण्डे

गोल्डेन न्युज संवाददाता
पोखरा २६ पुस ।

पोखरा उद्योग वाणिज्य संघले उद्योगमन्त्री सोमप्रसाद पाण्डेसंग समसामयिक विषयमा छलफल गरेको छ । आइतवार संघका अध्यक्ष सहितका पदाधिकारीहरुले उद्योगमन्त्री पाण्डेलाई आफ्नै कार्यकक्षमा स्वागत गर्दै समसामयिक विषयमा छलफल गरेका हुन् । कार्यक्रममा उद्योगमन्त्री लाई स्वागत गर्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विन्द्रकुमार थापाले उद्योग स्थापना बिना देशको विकास सम्भव नभएको बताउदै उद्योग खोल्ने वातावरण निर्माणको लागि सरकारसंग आग्रह गरे । पोखराको प्रसङ्ग झिक्दै उनले इन्धन अभावले उद्योगहरु चल्ने नसक्ने अवस्था सृजना भएको प्रति मन्त्रीको ध्यानकर्षण समेत गराए । २०४१ सालमा स्थापना भएको पोखराको औद्योगिक क्षेत्र सानो भएकोले लेखनाथको पटनेरीमा स्थापना हुन लागेको औद्योगिक क्षेत्रको निर्माण छिटो स्थापना हुनुपर्नमा जोड दिए । उद्योग स्थापनाको लागि एक द्वार प्रणाली नभएको, श्रम ऐन तथा ट्रेड युनियनका गतिविधी पनि व्यवसाय मैत्री हुन नसकेको उनको भनाई थियो ।

सो अवसरमा बोल्दै उद्योग मन्त्री सोमप्रसाद पाण्डेले आफ्नो देश आफैले चलाउनु पर्ने बताए । 'देशलाई बाहिरी मोडल अनुसार चलाउने काम भयो', पोखरा उद्योग वाणिज्य संघका पदाधिकारीसँग आइतवार भएको भेटमा मन्त्री पाण्डेले भने,-'देशको सम्वृद्धिको

लागि मुलुक आफैले हाँक्नुपर्छ, तर्तु संस्थाले होइन ।' उनको सर्कत देशले अवलम्बन गरेको आर्थिक नीति र ती नीतिहरु परेको दातादरुको प्रभावपर्ति लक्षित थियो । उनले अमेरिकाको दृष्टान्त दिदै संसारका सबै मुलुकले ऋण र अनुदान लिएको चर्चा गर्दै अगाडि थपे-'गाडीमा तेल हाल्न, टायर फेर्न बाहिर पठाउन सकिन्छ, विकासको लागि अनुदान पनि चाहिन्छ तर देश आफैले नहाँके सम्म केही हुदैन ।' २०४६ सालको परिवर्तन पछि देश आफैले चलाउने प्रयत्न भएको भए आँहलेको स्थिति नआउने बताउदै उनले निजीकरणले देशको उन्नति नगरेको समेत बताए । देशमा उदारिकरणले कुनै तरक्की नभएको उल्लेख गर्दै उनले औंधाँ, कुंधि औंजार जस्ता कारखानाहरु राज्य आफैले संचालन गर्नुपर्नेमा जोड दिए । आर्थिक उदारिकरणको नीति लागू भएपछि देशमा भएका भकुर्दी कागज कारखाना,बाँसवारी छालाजुत्ता उद्योग र कृषि औजार कारखाना निजीकरण गर्नु गल्ती भएको उनको तर्क थियो त्यसपछि उनले आफूलाई उदार आर्थिक नीतिको विरोधी नभएको बताउन भने चुकेनन् ।

उनले देशमा विद्यमान समस्या राष्ट्रियतासंग जोडिएको बताए । जनतामा आक्रोश नबढेको स्वीकारे । देशमा जारी समस्या सुल्झाउनका लागि सरकारले कुटनीतिक पहल जारी राखेको तर परिणाम नआएसम्म जनतालै त्यसको मह्सुस गर्न नपाएको उनको भनाइ थियो ।

देशको आन्तरिक व्यवस्थापनको लागि विदेशीहरु गुहार्ने प्रवृत्ति ठीक नभएको प्रस्ट झिक्दै उनले थपे-'हामीले अनिमन बोलायौं, जनताको छोरा देशको सर्वोच्च पदमा पुगेपछि आन्तरिक व्यवस्थापनमा केसैको आवश्यकता छैन ।' देशको आर्थिक उन्नतिको लागि औद्योगिक विकास अपरिहार्य रहेकाले सरकारले विशेष योजनाका साथ औद्योगिक विकासको खाका कोर्न लागेको बताए । सातबटा पदेशमा सातवटा औद्योगिक क्षेत्र बनाउने तयारीमा सरकार रहेको बताउदै उनले थपे-'जस्मा किरेर उद्योग खोल्दा उद्योगको लागतभन्दा जस्याकी लागत बढी हुन्छ,त्यसैले औद्योगिक क्षेत्र खोल्न परेको हो ।'

कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका प्रथम उपाध्यक्ष देव क्षेत्रीले बन्द र हड्तालले गर्दा व्यवसायीहरुले आफूले तिर्नु पर्ने करको किस्ता समयमा नै तिर्न नसकेकोले समय थप हुनुपर्ने माग गरे । द्वितिय उपाध्यक्ष मीनराज काफ्लेले औद्योगिक वातावरण निर्माणको लागि इन्धनको आपूर्ति सहज हुनुपर्नमा जोड दिए।

महासचिव रवीन्द्रबहादुर पजुले अन्तर्राष्ट्रिय विमानस्थल निर्माणले यो क्षेत्रको औद्योगिक सम्भावना बढ्ने भएकाले विमानस्थल निर्माण तत्काल थाल्ने वातावरण बन्नुपर्ने बताए । उपमहासचिव प्रकाशदेव पाण्डेले सानो र मझौला उद्योगहरु स्थापनाको लागि सरकारले विशेष नीति ल्याउनुपर्ने बताए । कोषाध्यक्ष दीलिपराज श्रेष्ठले मन्त्रीहरुले घुमफिरमा मात्र ध्यान दिने र जनताको आवश्यकतामा ध्यान नदिने गर्दा जनतामा निराशा छाएको बताए । औद्योगिक क्षेत्र उद्योग संघका महासचिव झलक आचार्यले खाद्य उद्योगहरु उर्जा संकटले समस्यामा परेकोप्रति संवेदनशील हुन आग्रह गरे ।

एसओएस भेट्टान फुटवलमा एकैदिन सात खेल

गोल्डेन न्युज संवाददाता
पोखरा २६ पुस ।

बगर भाइबलकद्वारा आयोजित पाँची एसओएस भेट्टान फुटबलको तेश्रो दिन सात खेल सम्पन्न भएका छन् । प्रतियोगिता अन्तर्गत आइतवार सम्पन्न पहिलो खेलमा मित्र युवा क्लब भेट्टान काठमाडौंले ४-० गोल अन्तरले वीरगन्ज युथ भेट्टान एकेडेमीलाई पराजित गऱ्यो । खेलमा मित्र युवा क्लबको तर्फबाट जसी नम्बर १० का खेलाडी चेत नारायण श्रेष्ठले ह्याट्रिक तीन गोल गरे भने जसी नम्बर ११ का कल्याण खड्गीले एक गोल गरे । खेलमा चेतनारायण श्रेष्ठ म्यान अफ दी म्याच घोषित भए ।

दोश्रो खेलमा एफसी पोटाला भेट्टान्स क्लब हेटौडाले क्लब मर्सिस भेट्टान बीढ़ काठमाण्डौलाई २-१ गोल अन्तरले पराजित गऱ्यो । खेलमा हेटौडाको तर्फबाट जसी नम्बर ८ का खेलाडी अजय मानन्धरले दुइ गोल गरे भने यो क्षेत्रको औद्योगिक सम्भावना बढ्ने भएकाले विमानस्थल निर्माण तत्काल थाल्ने वातावरण बन्नुपर्ने बताए । उपमहासचिव प्रकाशदेव पाण्डेले सानो र मझौला उद्योगहरु स्थापनाको लागि सरकारले विशेष नीति ल्याउनुपर्ने बताए । कोषाध्यक्ष दीलिपराज श्रेष्ठले मन्त्रीहरुले घुमफिरमा मात्र ध्यान दिने र जनताको आवश्यकतामा ध्यान नदिने गर्दा जनतामा निराशा छाएको बताए । औद्योगिक क्षेत्र उद्योग संघका महासचिव झलक आचार्यले खाद्य उद्योगहरु उर्जा संकटले समस्यामा परेकोप्रति संवेदनशील हुन आग्रह गरे ।

खेलाडी विजय गुरुङले एक एक गोल गरे । प्रतियोगितामा म्यान अफ दी म्याच ह्याट्रिक गर्ने खेलाडी राजेश लेप्चा म्यान अफ दी म्याच घोषित भए ।

चौथो खेलमा नाइट किड्ड सानो गौचरण काठमाडौं नीलो ले ए वी सी भेट्टान पोखरालाई २-१ गोल अन्तरले परास्त गऱ्यो । खेलमा काठमाडौं निलोको तर्फबाट जसी नम्बर ६ का लिलाजंग गुरुङले सी एक टी हेटौडालाई ४-३ गोल अन्तरले पराजित गऱ्यो । खेलमा

१४ औं आहा ! रारा गोल्ड कप
फुटबल प्रतियोगिता
२०७२
५
दिन बाँकी
स्थान : पोखरा रंगशाल
RARA
रारा तैयारी चाउचाउ

दीपका खेलाडी जसी नम्बर एकका खेलाडी भिम बहादुर छन्त्याल म्यान अफ दी म्याच घोषित भए । छैठौं खेलमा भाटभटेनी हेल्थ क्लब काठमाडौले चितवन ११ लाई ५-२ गोल अन्तरले पराजित गऱ्यो । खेलमा भाटभटेनीका खेलाडी जसी नम्बर ७ का विनोद पुडासैनी र जसी नम्बर १० का उमेश लामाले दुई दुई गोल गरे भने जसी नम्बर ११ का खेलाडी जगतमान लामाले एक गोलल गरे ।

त्यस्तै चितवनको तर्फबाट जसी नम्बर ९ का खेलाडी गुरुकाल तामाङ र जसी नम्बर १२ का खेलाडी विनय चौधरीले एक एक गोल गरे । खेलमा भाटभटेनीका खेलाडी विनोद पुडासैनी म्यान अफ दी म्याच घोषित भए । आइतवार सम्पन्न अन्तिम खेलमा फोर्टी फाउण्डेशन नेपाल काठमाण्डौ ले बगर भाइबलक ए लाई तीन एक गोल अन्तरले पराजित गर्दै अघिल्लो चरणमा प्रवेश गऱ्यो । खेलमा फोर्टी फाउण्डेशन को तर्फबाट ओमकृष्ण श्रेष्ठले दुई गोल गरेभने बगर भाइबलकका जसी नम्बर ४ का हरि गुरुङको आत्मघाती गोलले फोर्टी प्लसलाई अग्रता दिन सफल भयो । बगर भाइबलकको तर्फबाट भने जसी नम्बर ७ का खेलाडी पप्पले सान्तवना गोल गरे । खेलमा फोर्टी प्लसका खेलाडी ओमकृष्ण श्रेष्ठ म्यान अफ दी म्याच घोषित भए । प्रतियोगितामा सोमबार क्वार्टर फाइनल र सेमी फाइनलका खेलहरु हुने आयोजकले जनाएको छ ।

नेकाा महाधिवेशन निर्देशिका पारित, अनशन जारी

काठमाडौं २६ पुस ।

नेपाली कांग्रेसको १३औं महाधिवेशन नजिकिंदै जाँदा आइतवार बसेको केन्द्रीय समितिको बैठकले निर्वाचनसम्बन्धी निर्देशिका, २०७२ पारित गरेको छ ।

केन्द्रीय कार्यालय सानेपामा बसेको बैठकले महाधिवेशनको तयारीका क्रममा निर्वाचन निर्देशिका पारित गरेको प्रवक्ता डीनेन्द्रप्रसाद बडूले जानकारी दिए । बैठकमा निर्वाचन समितिका संयोजक राधेश्याम अधिकारीले निर्देशिकाका विषयमा जानकारी गराएका थिए । "बैठकले कांग्रेस नेतृत्वको सरकारका अर्थमन्त्री डा रामशरण महतलाई 'द बैंकर' पत्रिकाले सन् २०१५ मा विश्वकै उत्कृष्ट अर्थमन्त्री घोषणा गरेकोले बधाई दिने निर्णय गरेको छ, भूकम्पपछिको पुनर्निर्माणमा आर्थिक सहायता जुटाउन नेतृत्ववायी भूमिका निर्वाह गरेकोले यो सम्मान दिएको हो, यो कांग्रेस नेतृत्वको सरकारको सफलता हो" - उनले भने । लन्डनबाट प्रकाशित हुने विश्वप्रसिद्ध पत्रिका 'द फिनान्सियल टाइम्स'को सह प्रकाशन 'द बैंकर'ले आफ्नो ९०औं वर्षगाँठको अवसरमा सन् २०१५ का लागि डा महतलाई भूकम्प पश्चात्को राहत एवम् पुनर्निर्माणका निमित्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग परिचालनमा र राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ गर्ने क्रममा निर्वाह गरेको भूमिकाका लागि एसिया प्यासिफिक र विश्वकै उत्कृष्ट अर्थमन्त्रीका रुपमा सम्मानित हुनुभएकोमा तत्कालीन सरकार र अर्थमन्त्रीलाई बधाइका साथै उक्त संस्थालाई धन्यवादज्ञापन गर्ने निर्णय गरिएको पनि उनले बताए ।

उपसभापति रामचन्द्र पौडेलले भारत भ्रमणका क्रममा विदेशमन्त्री सुष्मा स्वराज र गृहमन्त्री राजनाथ सिंहसँग भेट गरी दुई देशका बीचमा उत्पन्न भएको आपुर्ति असहजतालाई सहज बनाउन अनुरोध गरिएको सन्दर्भमा बैठकमा छलफल भएको जानकारीसमेत उनले दिए । तराई मधेसका समस्या समाधानका लागि पार्टी बाट कार्यदलमा खटिएका केन्द्रीय सदस्य महेश आचार्यले बैठकमा मोर्चासंग भइरहेको वार्ताका विषयमा जानकारी गराएका थिए। वार्तामा सीमाङ्कन र भाषाका विषयमा छलफल भइरहेको नेता आचार्यले जानकारी दिएका थिए ।

मधेसी मोर्चाको बैठकमा सरकारको नेतृत्व गरिरहेको नेकपा (एमाले) को असष्ट विचार समस्या समाधानमा बाधक भएको निष्कर्ष समेत कांग्रेसले निकालेको छ । बैठकमा सभापति सुशील कोइराला, वरिष्ठ नेता शेरबहादुर देउवा, उपसभापति पौडेललगायत नेताले आमरण र रिले अनशनरत नेता कार्यकर्ताका माग पुरा गरिने भएकाले अनशन तोड्न अनुरोध गरिने बताएका थिए । महाधिवेशन नजिकिदै जांदा केन्द्रीय कार्यालयमा आमरण अनशन र रिले अनशन बस्नेका कारण कार्यकर्ताको चहलपहल बढेको छ ।

जिल्लाबाट सिफारिस गरिएका क्रियाशील सदस्यता सदर एवम् बदर गरिनुपर्ने माग गर्दै एउटै जिल्लाका फरक-फरक समूह अनशनरत छन् । दुगंम जिल्ला डोल्पाका सभापति टंडकप्रसाद उपाध्याय पुस १० गतेदेखि जिल्लाबाट सिफारिस गरिएका ६९३ वटै सदस्यता सदर गरिनुपर्ने माग गर्दै आमरण अनशनमा बसेका छन् । "पुराना २७२ र नयाँ सिफारिस गरिएका ६२१ क्रियाशील सदस्यमध्ये सदस्यता छानविन समितिले १८ जनाको सदर गरी अरू बदर गरेकाले सिफारिस गरिएका सबै सदस्य सदर गरिनुपर्ने माग गर्दै सभापति उपाध्याय आमरण अनशनमा बस्नुभएको हो, विधिअनुसार सदस्यता वितरण होस् भनी उहाँ अनशन बस्नुभएको हो"-डोल्पाका नेविसङ्घ अध्यक्ष जयश उपाध्यायले भने ।

कार्यालय परिसरमा सोलुखुम्बु जिल्लाका केन्द्रीय सदस्य बलबहादुर केसी र सभापति आङ्गेन्जु शेर्पाका छुट्टाछुट्टै समूह सदस्यता सदर र बदरको फरक माग राखेर अनशनमा बसेका छन् । कैलाली, भक्तपुर र रौतहटका फरक फरक समूह पनि अलगअलग मागका साथ केन्द्रीय कार्यालय परिसरमा अनशनरत छन् । बैठकका लागि केन्द्रीय कार्यालयमा शीर्घनेता एवम् केन्द्रीय सदस्य प्रवेश गदां अनशनरत जिल्लाका असन्तुष्ट कार्यकर्ताले माग पुरा गरिनुपर्ने माग गर्दै नाराबाजी गरेका थिए ।

कांग्रेसले १३औं महाधिवेशनका क्रमसा माघ १५ गते गाउं एवम् नगर, माघ २२ गते क्षेत्र र माघ २५ गते जिल्ला अधिवेशन गर्ने निर्णय गरेको छ । केन्द्रीय महाधिवेशन फागुन २० देखि २३ गतेसम्म काठमाडौंमा हुँदैछ । रासस

यातायातमा छडके

गोल्डेन न्युज संवाददाता
पोखरा २६ पुस ।

जनसरोकारका कार्यालयहरुमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्रीय कार्यालय पोखरले अनुगमनलाई तीव्रता दिएको जनाएको छ । धेरै जन गुनासो आउने र आर्थिक चलखेल हुने ड्रइङ्गरुममा अस्तियारले निरन्तर निगरानी बढाइरहेको सन्दर्भमा आइतवार दुई वटा सरकारी कार्यालयमा आकस्मिक अनुगमन गरेको अख्तियार सम्बद्ध अधिकारीहरुले जनाएका छन् । आइतवार गण्डकी अञ्चल यातायात व्यवस्था कार्यालय (सवारी) पोखरामा अनुगमन गर्ने क्रममा कार्यालयका सरकारी ड्रइङ्गरहरु सेवाग्राहीको नाममा बिचौलीमाहरुले भरिरहेको पाइएको र त्यसरी अनाधिकृत ढंगबाट प्रयोग भए गरिएका ड्रइङ्गरहरु अनुगमनमा आएका अख्तियारका अनुसन्धान अधिकारीहरुले नियन्त्रणमा लिई कार्यालय प्रमुख भरत पौडेललाई बुझाएर आइन्दा त्यस्तो लापरवाही नहुने प्रतिबद्धता गराइएको छ ।

यस्तै सवारी चालक अनुमति पत्र कार्यालयमा पनि अनुगमन गर्दा लाइसेन्स विहिन प्रक्रियालाई चुस्त दुरुस्त र पारदर्शी बनाउन निर्देशन दिइएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग क्षेत्रीय कार्यालय पोखराले जनाएको छ ।

राष्ट्रिय...

कार्यक्रममा देशको जिम्मेवार नेतालेे एक साधरण नेता र पार्टीको सदस्य जस्तो गरी हसिमाजकका कुरा गर्नु गलत भएको टिप्पणी गरे । श्रोतीको यस्तो तर्क र भाषणले उनको सरकार आफै डगाउने पक्कापक्की भएको समेत दावी गरे । नेकपा एमाओवादीविच अनीपचारिक रुपमा पार्टी एकताका कुरा उठेता पनि तत्काल एकता हुने संकेत नभएको समेत बताए । उनले भने पार्टी एकताको लागि अनीपचारिक रुपमा छलफल भएको छ तर अझै पनि वेमेल छ त्यसैले छिट्टै एकता हुने सम्भावना कम छ गुरुङले भने । देशको अवस्थालाई हेर्ने हो वर्तमान अवस्थामा कम्युनिष्ट पार्टीहरु एक हुनुको विकल्प नभएको तर तत्काल एकताको लागि भने पहल नभएको बताए ।

'आयआर्जनका योजनालाई प्राथमिकता दिनुपर्छ'

म्याग्दी २६ पुस ।

पशुपक्षी विकास राज्यमन्त्री नरदेवी पुनले योजनाको छनोट गर्दा आयआर्जनका योजनालाई पनि प्राथमिकता दिनुपर्ने बताएकी छन् । बैनी नगरपालिकाको तेस्रो नगरपरिषदबाट पारित भएका बजेट, नीति, योजना तथा कार्यक्रमको सार्वजनिकीकरण समारोहको बेनीमा उद्घाटन गर्दै उनले यस्तो बताएकी हुन् । अहिले योजना छनोट गर्दा सडक, बाटो, भवन लगायतका पूर्वाधार निर्माणमा मात्रै प्राथमिकता दिएर जाने र आर्थिक चलखेल हुने गरेको बताउँदै उहाले कृषक्मा आयआर्जनमा समेत टेवा पुग्ने गरी योजना समावेश गर्न आग्रह गरिन् । राज्यमन्त्री पुनले सरकारले प्रवाह गर्ने सुविधालाई वास्तविक किसानसम्म पुऱ्याउन सकेमा मात्रै पशुपालन र कृषि क्षेत्रको विकासले गति लिने धारणासमेत राखिन् । कृषि, पशुपालन लगायतका उत्पादनमूलक क्षेत्रमा लगानी बढाउन सकेमा मात्रै अर्थतन्त्र बलियो बन्ने राज्यमन्त्री पुनको भनाइ थियो ।

उनले परिषदले पारित गरेको योजनाको प्रभावकारी कार्यान्वयन गरी बजेट फ्रिज हुने समस्यालाई रोक्नका लागि जिल्लास्थित विकास साझेदार निकाय र राजनीतिक नेतृत्व चनाखो बन्नुपर्नेसमेत बताइन । "ग्रामीण मेगलाई केन्द्रित गरी योजना छनोट गर्नुपर्छ, योजना सम्पन्न भएपछि जनतालै पाउने सुविधा र समाजमा त्याउने परिवर्तन महत्वपूर्ण हो, हरेक क्षेत्रको गुरुयोजना बनाएर अगाडि बढेमा मात्रै दिर्गो विकास सम्भव छ", राज्यमन्त्री पुनले भनिन् ।

बेनी नगरपालिकाका कार्यकारी अधिकृत नेत्रप्रसाद पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा सांसदद्वय नवराज शर्मा र रेशमबहादुर बानियाँले विकास निर्माणका योजनाको कार्यान्वयनका लागि जवाफदेही बन्नुपर्नेमा जोड दिएका थिए । रासस

Manager Training Program
21-days in Spain
FREE GRAND SEMINAR
Monday, 11 January
BEBS 'Barcelona Executive Business School'
Guests/Representatives
Mrs. Karelys Ramirez
"Sub-Director of BEBS"
Ms. Mira Abi Safi
"Marketing Communications Manager"
Subjects
- Human Resource Management
- International Relations
- Effective team communication & Sales growth
- International Negotiation with Customers & Suppliers
- Globalization
- Crossing borders
- Innovation & Media Relations
Inclusions
* 21-Days Training program for Managers & Companies
* Flight, Accommodation & Insurance
* Business Visits
* Networking & Collaborations
* Touristic Tours & Activities
* European Diploma
Seminar date: Monday, 11 January
EURO MISSION EDUCATIONAL CONSULTANCY
Chipledhunga, Pokhara (Near to Ratna emporium)
Ph: 061-521229, 9856056639

कास्कीमा नयाँ शक्ति विस्तार अभियान तीव्र

गोल्डेन न्युज संवाददाता
पोखरा २६ पुस ।

नयाँ शक्ति निर्माण युवा अभियान कास्कीले आफ्नो संगठन विस्तार अभियानलाई तीव्रता दिएको छ । संगठन विस्तारको क्रममा कास्कीका १० वटा इकाइमा संगठन विस्तार गरिसकेको नयाँ शक्ति निर्माण युवा अभियानका अभियान्ता कुमार गुरुङले बताए ।

संगठन विस्तारकै क्रममा आईतवार वडा नं. १५ को काजीपोखरीमा वडा स्तरिय नयाँ शक्ति निर्माण अभियान गठन भएको छ । आईतवार काजीपोखरीमा भएको भेला ले लाल तमुको संयोजकत्वमा ११ सदस्यिय कमिटी गठन गरेको हो । युवाको बडा भेलालाई सम्बोधन गर्दै नयाँ शक्ति निर्माण अभियानका अभियान्ता जितबहादुर तमु 'मामा' ले भने-'अहिलेसम्मका राजनीतिक दलहरुले युवालाई केहि प्रलोभनमा पारेर चुनावमा प्रयोग गर्ने र चुनाव पश्चात युवाहरुको वास्ता नगर्ने तिनीहरुलाई राजनीति भन्दा बाहिर राख्ने गरेका छन् । तर हामी सुरुवातदेखि नै नयाँ जोस र जागर भएको युवाहरुलाई जोडेर नयाँ शक्तिको संगठन बनाउन खोजिरहेका छौं । यहाँका अरु राजनीतिक दलहरुले युवालाई प्रयोग मात्र गराउन खोजिरहेका छन् तर हामीले नीतिनिर्माण र उत्पादनलाई संगसँगै अघि बढाउने अभियान सगै अगाडि बढाएका छौं ।

नयाँ शक्ति र पुरानो शक्ति विचमा खास भिन्नता यहि हो ।' भेलालाई सम्बोधन गर्दै नयाँ शक्ति निर्माण युवा अभियान कास्कीका संयोजक रेशम योगीले भने-'अब हामी कतिदिन सम्म केहि लिटर तेल र पैसाका लागि प्रयोग हुने ? अब यो देशको विकासका लागि पनि युवाहरुले नै केहि सोच्नुपर्ने भएको छ ।

त्यसैले हामी पालामा विकसित नयाँ नेपाल बनाउनका लागि हामी सबै मिली हातेमालो गरौं । हामी जुटयौं भने साँचै यो देशको मुहार फेर्न सक्छौं ।' नयाँ शक्ति निर्माण अभियान कास्कीका अभियान्ता सौगात पोखरेले नयाँ शक्ति गठनको औचित्य प्रष्ट पारेका थिए भने युवा अभियानका अभियान्तारुहरु हरि गुरुङ र सन्तोष गुरुङले समेत मन्तव्य राखेका थिए । रोशन गुरुङले संचालन गरेको कार्यक्रममा विजय गुरुङले स्वागत मन्तव्य राखेका थिए ।

सुनौलो पञ्चिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्युज राष्ट्रिय दैनिकका लागि अध्यक्ष प्रधान सम्पादक अगधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९,५४५, फ्याक्स : २२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन आफसेट प्रेस, चिप्लेढुंगा, पोखरा